# अप्पर लोहोरे खोला हाइड्रोपावर कम्पनी लि.

## तेस्रो, चौथो तथा पाँचौ वार्षिक साधारण सभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८२/०९/०९)**

**श्री आदरणीय शेयरधनी महानुभावहरू,**

**अप्पर लोहोरे खोला हाइड्रोपावर कम्पनी लि.**को सञ्चालक समितिको मिति २०८२ पौष ८ गते मंगलबार बसेको बैठकको निर्णय अनुसार यस कम्पनीको सातौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरू उपर छलफल गरी निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरूको उपस्थितिको लागि अनुरोध गर्दछौं ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०८२/९/३० गते, बुधवार अर्थात जनवरी १४, २०२६
समय : बिहान ०९ :३० बजे
स्थान : काजीको किचेन, पुरानो बानेश्वर, काठमाण्डौ ।

**(क) साधारण प्रस्तावहरू:**

**वार्षिक साधारण सभामा पेश हुने छलफलका विषयहरू :**

१. आ.व. २०७९/०८०, २०८०/०८१ र २०८१/०८२ को तेस्रो, चौथो तथा पाँचौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको तर्फबाट प्रस्तुत वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. आ.ब.२०७९/०८०, २०८०/०८१ र २०८१/०८२ को लेखापरीक्षकको प्रतिवेदन सहित नाफा/नोक्सान हिसाब विवरण तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तीय विवरणसंग सम्वद्ध अनुसूचीहरू समेत छलफल गरी पारित गर्ने ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व. २०८२/०८३ को लागि लेखापरीक्षण समितिको सिफारिस मुताविक लेखापरिक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने ।
४. सर्वसाधारण तर्फको सञ्चालकको निर्वाचन सम्बन्धमा ।
५. कम्पनी सचिवको नियुक्ति गर्ने सम्बन्धमा ।
६. विविध

**बिशेष प्रस्ताब**

१. कम्पनीको हाल कायम चुक्ता पूँजीको १:१.५ अनुपातमा हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा र सो अनुसार प्राप्त हुने रकमको उपयोग बारेमा संचालक समितिले गरेको निर्णय सम्वन्धमा ।
२. अधिकृत, जारी तथा चुक्ता पूँजी बृद्धि गर्ने गरी प्रबन्धपत्रको दफा ६ मा आवश्यक संशोधन गर्ने सम्बन्धमा ।
३. सञ्चालक समितिको बैठक भत्ता सम्बन्धमा ।
४.. उपरोक्त बमोजिम पारित सामान्य तथा विशेष प्रस्ताव स्वीकृतिको लागि पेश हुँदा नियमनकारी निकायबाट कुनै पनि विषयमा संशोधन वा परिवर्तन गर्न कुनै निर्देशन वा कैफियत प्राप्त भएमा सो समेत मिलाई संशोधन वा परिवर्तन गर्न तथा हकप्रद शेयर निष्काशन सम्बन्धमा थप अन्य कार्यहरू समेत गर्न परेमा सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।
५. विविध

## वार्षिक साधारणसभा सम्बन्धी सामान्य जानकारीहरू :

१. वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८२/०९/२१ गतेका दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द गरिने छ । नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०८२/०९/२० गतेसम्म कारोबार भई, शेयर खरिद गरी आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनीहरू सो सभामा भाग लिन र मतदान गर्न योग्य हुनेछन् ।
२. शेयरधनी महानुभावहरूलाई वार्षिक साधारण सभाको सूचना सम्बन्धी कागजातहरू शेयरधनी लगतमा कायम रहेको ठेगानामा ईमेल मार्फत पठाईनेछ । कारणवस कुनै शेयरधनी महानुभावहरूले वार्षिक प्रतिवेदन समयमा नै प्राप्त गर्नु नभएको भएमा कम्पनीको रजिष्टर्ड कार्यालय का.म.न.पा.५, काठमाण्डौमा सम्पर्क गर्न सकिनेछ ।
३. वार्षिक साधारण सभामा भाग लिन ईच्छुक शेयरधनी महानुभावहरूलाई आफ्नो परिचय सहित उपस्थित हुन अनुरोध छ अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाइने छैन । सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभाको दिन सभा शुरु हुनुभन्दा पहिले नै उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु हुन अनुरोध छ । हाजिरी पुस्तिका बिहान ९:३० बजे देखि सभा संचालन रहेसम्म खुल्ला रहने छ ।
४. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरूले आफ्नो सम्पूर्ण शेयरको एउटै प्रतिनिधि पत्र (प्रोक्सी फारम) भरी सभा शुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगाडि कम्पनीको रजिष्टर्ड कार्यालय का.म.न.पा.५, काठमाण्डौमा दर्ता गरिसक्नु पर्नेछ ।
५. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी सकेपछि वा प्रतिनिधि फेरबदल गर्न चाहेमा पनि सभा शुरु हुनुभन्दा कम्तीमा २४ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौमा प्राप्त हुने गरी सोको सूचना पठाउनु पर्नेछ । उक्त दिन कम्पनी विदा हुन गएमा पनि उल्लिखित प्रयोजनको लागि कम्पनी खुल्ला रहनेछ ।
६. शेयरधनी महानुभावहरूले व्यक्त गर्नु भएका जिज्ञासा, मन्तव्य वा प्रश्नहरूको सम्बन्धमा सञ्चालक समितिका तर्फबाट सामूहिक रुपले वा संचालक समितिको अध्यक्ष वा अध्यक्षले तोकेको व्यक्तिले उत्तर दिन सक्नु हुनेछ ।
७. सभा सम्बन्धी अन्य जानकारीको लागि कम्पनीको कम्पनीको रजिष्टर्ड कार्यालय का.म.न.पा.५, काठमाण्डौ स्थित रजिष्टर्ड कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध छ ।
८. सभामा आफनो लिखित राय, सुझाव राख्न चाहानु हुने शेयरधनी महानुभावहरूले उक्त राय, सुझाव कम्पनीको आधिकारीक ईमेलः upperlohore.hydro@gmail.com मा पठाउन सक्नु हुनेछ ।
९. संरक्षक रहनु भएका शेयरधनी महानुभावहरूका तर्फबाट कम्पनीका शेयर लागत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले, संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतिबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले र कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरधनीको हैसियतले सभामा भाग लिन र मतदान गर्न सक्नु हुनेछ ।
१०. शान्ति सुरक्षाका कारण साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरूलाई यथाशक्य झोला, ब्याग नल्याउनु हुन अनुरोध छ । सभाको सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीहरूले शेयरधनी महानुभावहरू लगायत सभाकक्षमा प्रवेश गर्ने सबैको झोला, ब्याग र शरीर जाँच गर्न सक्नेछन् ।
११. कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसारको संक्षिप्त वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन शेयरधनीहरूले निरीक्षण वा प्राप्त गर्न चाहनु भएमा यस कम्पनीको रजिष्टर्ड कार्यालय का.म.न.पा.५, काठमाण्डौमा तथा यस कम्पनीको शेयर रजिष्ट्रार एन आई सी एशिया क्यापिटल लिमिटेड चौथो तल्ला, ट्रेड टावर नेपाल, थापाथली-११, काठमाण्डौमा सम्पर्क राख्नु होला ।